# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, असार २४ गते, २०७८ साल (संख्या ७

## भाग-२

### कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालयको

### <u>कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८</u>

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "एक तह माथिको अधिकारी" भन्नाले सरकारी निकायतर्फ सम्बन्धित सार्वजनिक निकाय भन्दा माथिल्लो निकाय भए सो निकायको प्रमुख र त्यस्तो निकाय नभएमा सम्बन्धित मन्त्रालयको सचिव र सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री तथा अन्य निकायको हकमा खरिद गर्ने निकाय भन्दा एक तह माथिको निकाय भए त्यस्तो निकायको प्रमुख र त्यस्तो निकाय नभएको हकमा त्यस्तो निकायको सञ्चालक समिति वा त्यस्तै अन्य निकायलाई समेत सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ङ) "विभागीय प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको अधिकृतस्तर एघारौं तह वा सो सरहको दरबन्दी

आन्तरिक मामिला तथा कानून मन्त्रालय

रहेको निर्देशनालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रमुख सचिवलाई समेत जनाउँछ।

(छ) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः-

(१) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय वा सो अन्तर्गतका अन्य सरकारी कार्यालय वा निकाय,

(२) प्रदेश कानून बमोजिम गठित प्रदेश सरकारको पूर्ण वा अधिकांश वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्राधिकरण, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, संस्थान, कम्पनी, निगम, समिति वा यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(३) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा अधिकांश वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, अनुसन्धान केन्द्र वा यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) प्रदेश सरकारको ऋण वा अनुदान वा शेयर साझेदारीमा सञ्चालित संस्था,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था।

३. **लागत अनुमानको स्वीकृतिः** (१) सार्वजनिक निकायले निर्माण कार्य, मालसामान खरिद र अन्य सेवा खरिदको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछः-

(क) एक करोड रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर सातौं वा आठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर नवौं वा दशौं तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) पाँच करोड रुपैयाँभन्दा बढीको लागत अनुमान अधिकृतस्तर एघारौं तह वा राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख वा विभागीय प्रमुखबाट।

(२) सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछः-

(क) दश लाख रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर सातौं वा आठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पच्चीस लाख रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तर नवौं वा दशौं तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) पच्चीस लाख रुपैयाँभन्दा बढीको लागत अनुमान अधिकृतस्तर एघारौं तह वा राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुख वा विभागीय प्रमुखबाट।

(३) सार्वजनिक निकायको प्रमुखले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने अवस्था भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय, आयोग र यस्तै प्रकृतिका अन्य कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको लागत अनुमान स्वीकृत गर्न सक्नेछ।

४. **<u>बोलपत्र तथा परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारीः</u>** (१) निर्माण कार्य, मालसामान र अन्य सेवाको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) तीन करोड रुपैयाँसम्मको अधिकृतस्तर सातौं वा आठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) सात करोड रुपैयाँसम्मको अधिकृतस्तर नवौं वा दशौं तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) सात करोड रुपैयाँ भन्दा बढीको विभागीय प्रमुख।

(२) परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) दश लाख रुपैयाँसम्मको अधिकृतस्तर सातौं वा आठौं तह वा राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) पचास लाख रुपैयाँसम्मको अधिकृतस्तर नवौं वा दशौं तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) तीन करोड रुपैयाँसम्म विभागीय प्रमुख,

(घ) तीन करोड रुपैयाँ भन्दा बढीको सचिव।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) र (२) बमोजिमको बोलपत्र तथा परामर्श सेवा सम्बन्धी प्रस्ताव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आफैंले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय, सचिवालय, आयोग र यस्तै प्रकृतिका अन्य कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको बोलपत्र तथा परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्न सक्नेछ।

५. **मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्थाः** (१) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा एकल वा संयुक्त उपक्रममा प्रस्ताव पेश गर्ने कुनै बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालक उपर भ्रष्टाचारको कसुरमा मुद्दा दायर भए नभएको सम्बन्धमा यकिन गरी त्यस्तो मुद्दा दायर भएको देखिएमा सम्बन्धित सार्वजनिक निकाय मार्फत मन्त्रालय समक्ष लेखी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लेखी आएमा मन्त्रालयले त्यस्तो बोलपत्रदाता, सिलबन्दी दरभाउपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीका सञ्चालकले एकल वा संयुक्त उपक्रमबाट पेश गरेको प्रस्तावलाई मूल्याङ्कन गरी सक्नु पर्ने

अवधिभित्र मूल्याङ्कन प्रक्रियामा समावेश नगर्न निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम मन्त्रालयले निर्देशन दिएमा मूल्याङ्कन समितिले त्यस्तो प्रस्तावलाई मूल्याङ्कन प्रक्रियाबाट हटाई बाँकी प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ।

६. **सोझै खरिद गर्ने सम्बन्धी व्यवस्था:** (१) नियम २ को खण्ड (छ) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायले ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिमको अवस्थामा पाँच लाख रुपैयाँभन्दा बढी रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्दा वा निर्माण कार्य सोझै गराउँदा देहाय बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिनु पर्नेछः-

(क) प्रमुख सचिव - संयोजक

(ख) सचिव, प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, सम्बन्धित मन्त्रालय - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ङ) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(च) सम्बन्धित मन्त्रालयको योजना तथा कार्यक्रम महाशाखा प्रमुख - सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) नियम २ को खण्ड (छ) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकाय बाहेक अन्य सार्वजनिक निकायले ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिमको अवस्थामा पाँच लाख रुपैयाँ भन्दा बढी रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्दा वा निर्माण कार्य सोझै गराउँदा सो निकायको सर्वोच्च कार्यकारी निकायबाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ।

७. **<u>भेरिएसन आदेश जारी गर्ने अधिकारीः</u>** (१) सम्झौता कार्यान्वयनको क्रममा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति श्रृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्नेछः-

(क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको अधिकृतस्तर नवौं वा दशौं

तह वा राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखले,

(ख) पाँच प्रतिशतभन्दा माथि पन्ध्र प्रतिशतसम्मको भेरिएसन अधिकृतस्तर एघारौं तह वा राजपत्राङ्कित प्रथम श्रेणीको विभागीय प्रमुखले,

(ग) पन्ध्र प्रतिशतभन्दा माथि पच्चिस प्रतिशतसम्मको भेरिएसन सम्बन्धित मन्त्रालयको सचिवले,

(घ) पच्चीस प्रतिशतभन्दा माथिको भेरिएसन नियम २ को खण्ड (छ) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले र सो बाहेकका अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले।

(२) उपनियम (१) बमोजिम भेरियसन आदेश जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र जारी गर्न सकिनेछ।

तर उपनियम (१) को खण्ड (घ) बमोजिम भेरिएसन आदेश जारी गर्दा नियम २ को खण्ड (छ) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत् आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले र सो बाहेक अन्य

सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत् आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्ने छैन।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साठी लाख रुपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएसन आदेश सम्बन्धित मन्त्रालयको सचिवले जारी गर्न सक्नेछ।

८. **घर जग्गा भाडा निर्धारण समितिः** (१) सार्वजनिक निकायले घर जग्गा भाडामा लिनु पर्दा प्रदेशस्तरको सार्वजनिक निकायको हकमा स्थानीय समाचारपत्रमा कम्तीमा पन्ध्र दिनको अवधिको सूचना प्रकाशन गरी र जिल्लास्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र देहायका कार्यालयको सूचना पाटीमा कम्तीमा सात दिनको अविधको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्नेछः-

(क) जिल्ला प्रशासन कार्यालय,



आर्थिक मामिला तथा कानून मन्त्रालय

(ख) जिल्ला समन्वय समितिको कार्यालय,

(ग) प्रदेश लेखा नियन्त्रकको कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय।

(२) उपनियम (१) बमोजिमको सूचनामा सार्वजनिक निकायले देहायका कुरा खुलाउनु पर्नेछः-

(क) सम्बन्धित सार्वजनिक निकायको नाम र ठेगाना,

(ख) घर जग्गा आवश्यक भएको क्षेत्र वा स्थान,

(ग) भाडामा लिन खोजेको घर जग्गाको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरण,

(घ) उपनियम (४) बमोजिमको समितिले निर्धारण गरेको दररेटमा मात्र घर जग्गा भाडामा लिइने कुरा,

(ङ) घर जग्गाधनीले प्रस्ताव पेश गर्ने तरिका र त्यस्तो प्रस्तावका साथ पेश गर्नु पर्ने न्यूनतम विवरण,

(च) प्रस्ताव दाखिला गर्ने स्थान र अन्तिम मिति,

(छ) घर भाडामा दिन चाहेको प्रस्तावित रकम,

(ज) घर जग्गाको भाडा भुक्तानीका शर्तहरु र कर कट्टीको विषय, र

(झ) सार्वजनिक निकायले उपयुक्त ठानेका अन्य कुरा।

(३) सार्वजनिक निकायले उपनियम (१) बमोजिमको अवधिभित्र दाखिला भएको घर जग्गा भाडामा दिने प्रस्ताव खोली उपनियम (४) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ।

(४) सार्वजनिक निकायले भाडामा लिने घर जग्गाको भाडा निर्धारण गर्न देहाय बमोजिमको घर जग्गा भाडा निर्धारण समिति रहनेछः-

(क) प्रदेश राजधानी रहेको जिल्लास्थित कार्यालयको हकमाः-

(अ) प्रमुख, प्रशासन महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(आ) प्रमुख, प्रशासन शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(इ) प्रमुख, पूर्वाधार महाशाखा, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय - सदस्य

(ई) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(उ) मन्त्रालय वा विभागस्तरको कार्यालय भए महाशाखा प्रमुख र जिल्लास्तरीय कार्यालय भए सम्बन्धित कार्यालयको प्रमुख - सदस्य-सचिव

(ख) अन्य जिल्लास्थित कार्यालयको हकमाः-

(अ) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(आ) प्रमुख, प्रदेश लेखा इकाई कार्यालय-सदस्य

(इ) प्रमुख, पूर्वाधार विकास कार्यालय - सदस्य

(ई) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय - सदस्य

(उ) घर जग्गा भाडामा लिने सार्वजनिक निकायको प्रमुख - सदस्य-सचिव

(५) उपनियम (४) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपनियम (४) बमोजिमको समितिले उपनियम (३) बमोजिम पेश भएका प्रस्तावको मूल्याङ्कन देहायका आधारमा गरी घर जग्गाको भाडा निर्धारण गर्नेछः-

(क) घर जग्गा रहेको स्थान र बाटोको सुविधा,

(ख) घर जग्गाको बनावट र क्षेत्रफल,

(ग) भौतिक सुविधा,

(घ) घर जग्गाको परिसर,

(ङ) घर जग्गाधनीले प्रस्ताव गरेको भाडा रकम, र

(च) घर भाडाको प्रचलित दररेट।

(७) उपनियम (६) बमोजिम घर जग्गा भाडाको रकम निर्धारण गरेपछि घर जग्गा भाडा निर्धारण समितिले सोको जानकारी सम्बन्धित सार्वजनिक निकायलाई लिखित रुपमा दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको जानकारी प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकायले सम्बन्धित घर जग्गाधनीसँग सम्झौता गरी घर जग्गा भाडामा लिनु पर्नेछ।

(९) उपनियम (८) बमोजिमको सम्झौता घर जग्गाधनी र सार्वजनिक निकायको मञ्जुरीमा नवीकरण गर्न सकिनेछ।

(१०) घर जग्गा भाडाको दररेटमा वृद्धि गर्नु परेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिई घर जग्गाको भाडा निर्धारणको लागि उपनियम (४) बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ।

तर घर जग्गा भाडामा लिने सम्झौता भएको दुई वर्षसम्म घर जग्गा भाडाको दररेटमा वृद्धि गर्न सकिने छैन्।

(११) सार्वजनिक निकायले वार्षिक पाँच लाख रुपैयाँसम्मको घर जग्गा भाडा तिर्नु पर्ने गरी घर जग्गा भाडामा लिनु परेमा उपनियम (१) बमोजिमको सूचना बमोजिम प्राप्त प्रस्तावमध्ये उपयुक्त प्रस्तावमा सेवा, सुविधा तथा भाडा रकम सम्बन्धमा घर जग्गाधनीसँग सोझै वार्ता गरी घर जग्गा भाडामा लिन सक्नेछ।

९. **<u>प्रचलित कानून बमोजिम हुने</u>:** यस नियमावलीमा उल्लेख गरिएका विषयमा यस नियमावली बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. **<u>खारेजी र बचाउः</u>** (१) कर्णाली प्रदेश सार्वजनिक खरिद सम्बन्धी निर्देशिका, २०७५ खारेज गरिएको छ।

(२) कर्णाली प्रदेश सार्वजनिक खरिद सम्बन्धी निर्देशिका, २०७५ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यस नियमावली बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**
लव अधिकारी
प्रदेश सरकारको निमित्त सचिव

---

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय